# राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४

आयोगबाट स्वीकृत मिति : २०७४।१०।३

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायका नियमहरू बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "अध्यादेश" भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ सम्झनु पर्छ ।

(ख) "कोटा" भन्नाले नियम ४२ को उपनियम (१) को खण्ड (ख) बमोजिम कायम हुन आउने एकल सङ्क्रमणीय मत प्रणाली बमोजिम निर्वाचित हुन आवश्यक पर्ने मत सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(घ) "निर्वाचन कार्यक्रम" भन्नाले नियम ३ बमोजिमको निर्वाचन कार्यक्रम सम्झनु पर्छ ।

(ङ) "निर्वाचन कार्यालय" भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(च) "मतगणना प्रतिनिधि" भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि नियम २३ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(छ) "मतदाता नामावली" अध्यादेशको दफा ४ बमोजिमको निर्वाचक मण्डलमा रहेका प्रदेश सभा सदस्य र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुखको नाम समावेश गरी तयार गरिएको मतदाता नामावली सम्झनु पर्छ ।

(ज) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि अध्यादेशको दफा ३१ बमोजिम आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(झ) "मतदान प्रतिनिधि" भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि नियम २२ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) "मत मूल्य" भन्नाले उम्मेदवारले पहिलो प्राथमिकता प्राप्त गरेको मतको हकमा अध्यादेशको दफा ५५ बमोजिमको मतभार बमोजिमको मत मूल्य सम्झनु पर्छ र सो शब्दले सङ्क्रमण भई दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण भएको प्रत्येक मतपत्रको सङ्क्रमण मत मूल्यलाई समेत जनाउँछ ।

(ट) "मनोनयनपत्र" भन्नाले निर्वाचनमा उम्मेदवारीको लागि उम्मेदवार वा निजको तर्फबाट निर्वाचन अधिकृत समक्ष पेश भएको मनोनयनपत्र सम्झनु पर्छ ।

(ठ) "सङ्क्रमण मत मूल्य" भन्नाले निर्वाचित भएको उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरेमा त्यस्तो बढी मत दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गर्ने प्रयोजनको लागि नियम ४२ को उपनियम (१) को खण्ड (छ) बमोजिम निर्धारण गरिएको मत मूल्य सम्झनु पर्छ र सो शब्दले मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले प्राप्त गरेको मत निजको हकमा कायम रहेको मूल्यमा दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गरिने मत मूल्यलाई समेत जनाउँछ ।

## परिच्छेद-२

## निर्वाचन कार्यक्रमको सूचना

३. **निर्वाचन कार्यक्रम निर्धारण** : (१) अध्यादेशको दफा ५ बमोजिम निर्वाचनको मिति तोकिएको सूचना प्रकाशन भएपछि आयोगले मतदाता नामावली प्रकाशन गर्ने, मतदाता नामावली उपर दाबी विरोधको उजूरी दिने, उजूरी उपर छानबिन गरी अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने, उम्मेदवारीको दाबी विरोधमा उजूरी दिने, मनोनयनपत्र र उजूरी उपर जाँचबुझ गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान गर्ने मिति, समय र स्थान समेत उल्लेख भएको निर्वाचन कार्यक्रम निर्धारण गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले निर्धारण गरेको निर्वाचन कार्यक्रमको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

४. **निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्ने** : निर्वाचन अधिकृतले नियम ३ बमोजिम प्रकाशित निर्वाचन कार्यक्रमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-३

## मतदाता नामावली

५. **मतदाता नामावली तयार गरी प्रकाशन गर्ने** : (१) आयोगले निर्वाचनको प्रयोजनको लागि सम्बन्धित प्रदेशको प्रदेश सभा सदस्यको पदमा बहाल रहेका व्यक्तिको विवरण सम्बन्धित प्रदेश सभा सचिवालयबाट र प्रदेश भित्रका गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुख पदमा बहाल रहेका व्यक्तिको विवरण सम्बन्धित जिल्लाको निर्वाचन कार्यालयबाट माग गरी मतदाता नामावली तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ भएपछि पहिलो पटक हुने निर्वाचनको हकमा आयोगले तयार गरेको निर्वाचन परिणामको आधारमा प्रदेश सभा सदस्य र गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख, उपप्रमुखको पदमा निर्वाचित भएका व्यक्तिको नाम समावेश गरी मतदाता नामावली तयार गर्न सकिनेछ।

(३) आयोगले उपनियम (१) वा (२) बमोजिम तयार गरेको मतदाता नामावली सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ र निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रममा उल्लिखित मिति र समयमा सो मतदाता नामावली आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम मतदाता नामावली प्रकाशन गर्दा मतदाता नामावलीमा नाम समावेश हुन छुटेको व्यक्तिले आफ्नो नाम समावेश गर्नको लागि दरखास्त दिने, मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिले आफ्नो नाम, थर, उमेर, पद आदि विवरण सच्याउन दरखास्त दिने, मतदाता नामावलीमा उल्लिखित मतदाताको विरोधमा उजूरी दिने मिति, समय र स्थान समेत उल्लेख गरी सूचना प्रकाशन गर्नु पर्नेछ।

(५) यस नियम बमोजिमको मतदाता नामावली सहितको सूचना आयोगको वेबसाइटमा समेत प्रकाशन गरिनेछ।

६. **मतदाता नामावलीमा छुट नाम समावेश गर्न दरखास्त दिने** : (१) नियम ५ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम छुट भएमा सम्बन्धित व्यक्तिले आफ्नो नाम समावेश गर्नका लागि सो नामावली प्रकाशन गर्दा तोकिएको समयावधि भित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गराउन दरखास्त दिने व्यक्तिले आफू प्रदेश सभा सदस्य, गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख पदमा निर्वाचित भई बहाल रहेको प्रमाण समेत पेश गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले निजको नाम मतदाता नामावलीमा समावेश गर्नु पर्नेछ।

७. **नाम, थर, उमेर, पद आदि सच्याउन दरखास्त दिने** : (१) नियम ५ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, उमेर, पद वा अन्य व्यहोरामा लेखाइ वा छपाइको त्रुटि भएमा सम्बन्धित व्यक्तिले विवरण सच्याउनका लागि सो नामावली प्रकाशन गर्दा तोकिएको समयावधि भित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा दरखास्त दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा निर्वाचन अधिकृतले निजको विवरण सच्याउनु पर्नेछ ।

८. **मतदाताको विरोधमा उजूरी दिने** : (१) नियम ५ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको विरोध गरी अर्को कुनै मतदाताले उजूर गर्न चाहेमा नियम ५ बमोजिम नामावली प्रकाशन गर्दा तोकिएको मिति, समय र स्थानमा सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा उजूरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम उजूरी दिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले त्यसरी दर्ता भएका उजूरीको सूची तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ । यसरी सूचना प्रकाशन गर्दा जसको विरुद्ध उजूरी परेको हो सो व्यक्तिले सो नियम बमोजिमको सूचनामा तोकिएको अवधिभित्र उजूरी खण्डन गर्ने आवश्यक सबुद वा सफाई प्रस्तुत गर्नु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ ।

९. **उजूरीको जाँचबुझ गर्ने** : (१) निर्वाचन अधिकृतले नियम ८ बमोजिमको उजूरी सम्बन्धमा आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा निर्वाचन अधिकृतले नियम ८ को उपनियम (२) बमोजिम सम्बन्धित व्यक्तिले सबुद वा सफाई पेश गरेको भए सो सम्बन्धमा समेत जाँचबुझ गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले कुनै सबुद प्रमाण संलग्न नभएको उजूरी उपर कुनै कारबाही गर्ने छैन ।

१०. **अन्तिम मतदाता नामावली प्रकाशन गर्ने** : (१) निर्वाचन अधिकृतले नियम ८ बमोजिम उजूरी परेकोमा त्यस्तो उजूरीका सम्बन्धमा नियम ९ बमोजिम जाँचबुझ समेत गरी र उजूरी नपरेकोमा उजूरी गर्ने म्याद समाप्त भए पछि अन्तिम मतदाता नामावली तयार गरी आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिमको अन्तिम मतदाता नामावली आयोगमा पठाउनु पर्नेछ र सो मतदाता नामावली आयोगले आफ्नो वेबसाइटमा प्रकाशन गर्नेछ ।

११. **अन्तिम मतदाता नामावलीमा थपघट तथा हेरफेर गर्न नहुने** : नियम १० बमोजिम प्रकाशन गरिएको अन्तिम मतदाता नामावली सो निर्वाचनको प्रयोजनको लागि थपघट वा हेरफेर हुने छैन ।

१२. **मतदाता नामावलीको प्रतिलिपि दिनु पर्ने :** कुनै उम्मेदवारले नियम १० बमोजिम प्रकाशन भएको अन्तिम मतदाता नामावलीको प्रतिलिपि माग गरेमा निर्वाचन अधिकृतले प्रतिपृष्ठ तीन रुपैयाँको दरले हुन आउने रकम लिई सोको प्रतिलिपि दिनु पर्नेछ ।

## परिच्छेद-४

### निर्वाचन अधिकृत तथा मतदान अधिकृतको काम, कर्तव्य र अधिकार

१३. **निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : अध्यादेश तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन अधिकृतको कार्यालयलाई आवश्यक पर्ने सहायक निर्वाचन अधिकृत तथा अन्य कर्मचारी नियुक्त गर्ने,

(ख) मतदान केन्द्र रहेको जिल्लामा कार्यरत नेपाल सरकार तथा प्रदेश सरकारका कर्मचारी मध्येबाट मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य सहायक कर्मचारी नियुक्त गरी मतदान केन्द्रमा खटाउने,

(ग) सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई निर्वाचन तथा मतदान सम्बन्धी प्रक्रियाको विषयमा अभिमूखिकरण गर्ने, गराउने,

(घ) आयोगले उपलब्ध गराएका मतपत्र लगायतका निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(ङ) आयोगबाट प्राप्त मतपत्र लगायतका निर्वाचन सामग्री मतदान अधिकृतलाई उपलब्ध गराउने,

(च) मतदान केन्द्र तथा मतगणना गर्ने स्थान र सो कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(छ) मतदानको दिन मतदान केन्द्रमा मतदान कार्यको अनुगमन, निरीक्षण तथा रेखदेख गर्ने, गराउने,

(ज) मतदान कार्य समाप्त भएपछि मतदान केन्द्रबाट मतगणना गर्न तोकिएको स्थानमा प्राप्त भएका मतपेटिका बुझी सुरक्षित साथ राख्ने,

(झ) सम्बन्धित मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना गर्ने,

(ञ) मतगणना कार्य समाप्त भएपछि निर्वाचन परिणामको घोषणा गर्ने,

(ट) मतगणना सम्पन्न भएपछि सोको परिणाम निर्वाचन कार्यालय र आयोगमा पठाउने,

(ठ) मतदान अधिकृतबाट प्राप्त भएका तथा निर्वाचन सम्पन्न भएपछि निर्वाचन अधिकृतको कार्यालयमा रहेका बाँकी निर्वाचन सामग्रीहरु निर्वाचन कार्यालयमा बुझाउने,

(ड) आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम खर्च लेख्ने र लेखा राख्ने,

(ढ) निर्वाचन सम्बन्धी सम्पूर्ण खर्चको सम्बन्धमा सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट आन्तरिक लेखा परीक्षण गराई सोको प्रमाणित आय-व्यय विवरण सहितको सम्पूर्ण श्रेस्ता अन्तिम लेखा परीक्षणको लागि आयोगले तोकेको समयावधि भित्र आयोगमा बुझाउने,

(ण) निर्वाचन पर्यवेक्षणलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यक व्यवस्था गर्ने,

(त) आचार संहिता पालना गर्ने, गराउने सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) आचार संहिताको पालना गर्नुपर्ने कर्तव्य भएका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, दल, उम्मेदवार तथा तिनका प्रतिनिधि, आमसञ्चारका माध्यम (छापा तथा विद्युतीय), निजी तथा गैरसरकारी संस्था, पर्यवेक्षक लगायतका सबै निकाय, संस्था तथा व्यक्तिलाई निर्वाचन आचार संहिताको पालना गर्न लगाउने,

(२) उपखण्ड (१) बमोजिम आचार संहिताको पालना गर्नुपर्ने कर्तव्य भएका निकाय, संस्था वा व्यक्तिबाट आचार संहिता उल्लङ्घन भएको देखिए, बुझिए वा सुनिएमा आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन वा सुरक्षा निकायको सहयोग लिई त्यस्तो कार्य रोक्ने वा रोक्न लगाउने,

(३) उपखण्ड (१) र (२) बमोजिमको विवरण तुरुन्त आयोगमा पठाउने ।

(थ) निर्वाचन सम्पन्न भएपछि सोको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने,

(द) प्रचलित कानूनी व्यवस्था र आयोगले समय-समयमा दिएका आदेश वा निर्देशनको अधीनमा रही निर्वाचन कार्यक्रम अनुसारका सबै कार्य सम्पन्न गर्ने ।

(२) निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशनमा रही अध्यादेश तथा यस नियमावली बमोजिम निर्वाचन सम्बन्धी काममा निर्वाचन अधिकृतलाई सहयोग गर्नु सहायक निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

**१४. <u>मतदान अधिकृतको काम, कर्तव्य र अधिकार</u> :** (१) अध्यादेश तथा यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन सम्बन्धी तालीम तथा अभिमूखिकरण कार्यक्रममा भाग लिने,

(ख) निर्वाचन अधिकृतको कार्यालयबाट उपलब्ध गराइएका मतपत्र लगायतका मतदान केन्द्र सम्बन्धी निर्वाचन सामग्री रुजु गरी बुझी लिने,

(ग) आफूलाई तोकिएको मतदान केन्द्रमा खटाईएका सहायक मतदान अधिकृत, अन्य कर्मचारी तथा सुरक्षाकर्मीसँग समन्वय गर्ने,

(घ) आफूलाई तोकिएको मतदान केन्द्रमा तोकिएको समयभित्र पुगी आयोगद्वारा निर्धारित तरिकाले मतदान केन्द्र निर्माण गर्ने,

(ङ) सुरक्षा, भौगोलिक कठिनाइ तथा अन्य कुनै मनासिब कारणले तोकिएको मतदान केन्द्रमा निर्वाचन सम्पन्न गराउन नसकिने भई तत्काल अर्को मतदान केन्द्र स्थापना गर्नुपर्ने अवस्था भएमा त्यसको जानकारी तुरुन्त निर्वाचन अधिकृतलाई गराउने,

(च) मतदान कार्यलाई सहज तरिकाले सम्पन्न गर्न दल तथा उम्मेदवारका स्थानीय प्रतिनिधिसँग समन्वय गर्ने,

(छ) मतदान कार्यलाई सुचारु रुपले अघि बढाउन चनाखो भई मतदान कार्यको निरन्तर अनुगमन गर्ने,

(ज) मतदानको दिन मतदानको गतिविधि सम्बन्धमा समय-समयमा निर्वाचन अधिकृतलाई जानकारी गराउने,

(झ) मतदानको दिन मतदान केन्द्रमा आउने पर्यवेक्षक, पत्रकार, अनुगमनकर्ता र सुरक्षाकर्मीलाई मतदान कार्यको अवस्थाबारे जानकारी दिने,

(ञ) मतदान केन्द्रमा स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा मतदान कार्य सम्पन्न गराउने,

(ट) आचार संहिता सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) आचार संहिता पालना गर्नु पर्ने कर्तव्य भएका दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिहरूलाई निर्वाचन आचारसंहिता पालना गर्न लगाउने,

(२) आवश्यकता अनुसार स्थानीय तह, स्थानीय प्रशासन तथा सुरक्षाकर्मीको सहयोग लिई आचार संहिता उल्लङ्घन हुन नदिने,

(३) कसैले निर्वाचन आचार संहिता उल्लङ्घन गरेको देखिए, बुझिए वा सुनिएमा त्यस्तो कार्य तुरुन्त रोक्न लगाउने,

(४) निर्वाचन आचार संहिता उल्लङ्घन भएको सम्बन्धमा गरेको कारबाहीको जानकारी निर्वाचन अधिकृतको कार्यालयमा तुरुन्त दिने ।

(ठ) निर्वाचन पर्यवेक्षणको सम्बन्धमा देहाय बमोजिम गर्ने :-

(१) निर्वाचनको लागि आयोग वा निर्वाचन अधिकृतको कार्यालयबाट पर्यवेक्षण गर्न अनुमति प्राप्त गरेका पर्यवेक्षक आफू खटिएको मतदान केन्द्रमा निर्वाचन पर्यवेक्षण गर्न आएमा आवश्यक सहयोग गर्ने, गराउने,

(२) पर्यवेक्षकलाई निर्वाचनको पर्यवेक्षण गर्न दिँदा मतदान भइरहेको समयमा मतपत्र, मतदाता नामावली, मतसङ्केत गर्न प्रयोग गरिने कलम तथा मतपेटिका जस्ता मतदान सामग्री छुन वा मतदान कक्षमा प्रवेश गरी मतदाताले मतसङ्केत गरी रहेको अवस्थामा हेर्न नदिने,

तर मतदाताले आफ्नो मत जाहेर गरी सकेपछि मतपेटिकामा मतपत्र खसाल्दाको दृश्य भने पर्यवेक्षकलाई टाढाबाट हेर्न दिन सकिनेछ ।

(ड) मतदान कार्य समाप्त भएपछि आयोगद्वारा स्वीकृत निर्देशिका बमोजिम मुचुल्का गराई मतपेटिका तथा अन्य निर्वाचन सामग्री आवश्यकता अनुसार सिल गरी सुरक्षित तरिकाले निर्वाचन अधिकृतलाई बुझाउने,

(ढ) निर्वाचन अधिकृतले अधिकार प्रत्यायोजन गरे बमोजिमका अन्य काम गर्ने,

(ण) प्रचलित कानूनी व्यवस्था र आयोगले समय-समयमा दिएका आदेश वा निर्देशनहरूको अधीनमा रही मतदान कार्य सम्पन्न गर्ने, गराउने ।

(२) मतदान अधिकृतको प्रत्यक्ष निर्देशनमा रही मतदान कार्य सम्पन्न गर्न, गराउन मतदान अधिकृतलाई सहयोग गर्नु सहायक मतदान अधिकृतको कर्तव्य हुनेछ ।

(३) काबु बाहिरको परिस्थिति पर्न गई मतदान अधिकृतले मतदान कार्य गराउन नसक्ने भएमा सहायक मतदान अधिकृतले अध्यादेश तथा यस नियमावली बमोजिम मतदान अधिकृतले गर्नुपर्ने भनी तोकिएका सम्पूर्ण काम कारबाही सम्पन्न गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतदान अधिकृतले कार्य सम्पादन गर्न नसकेमा सोको जानकारी मतदान अधिकृत वा सहायक मतदान अधिकृतले तत्काल निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

## परिच्छेद-५

## उम्मेदवारको मनोनयन

**१५. मनोनयनपत्र दर्ता गराउन सक्ने** : (१) निर्वाचनमा उम्मेदवार हुन चाहने संविधान तथा अध्यादेश बमोजिम योग्यता पुगेको व्यक्ति आफैंले वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक मार्फत निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति र समयमा निर्वाचन अधिकृतको कार्यालयमा मनोनयनपत्र दर्ता गर्न वा गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको एकजनाले प्रस्ताव र अर्को एक जनाले समर्थन गरी सहीछाप गरेको हुनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम कुनै व्यक्तिको मनोनयनपत्र दर्ता गर्दा वा गराउँदा अध्यादेशको दफा ३ बमोजिमको एउटै समूहको लागि फरक-फरक व्यक्ति प्रस्तावक र समर्थक रहेका बढीमा दुईवटा मनोनयनपत्र दर्ता गर्न वा गराउन सकिनेछ ।

**१६. मनोनयनपत्र साथ उम्मेदवारले पेश गर्नुपर्ने कागजात** : अध्यादेशको दफा १८ बमोजिम मनोनयन पत्र पेश गर्दा मनोनयनपत्र साथ देहायका कागजात पेश गर्नु पर्नेछ :-

(क) उम्मेदवारको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) मतदाता नामावली ऐन, २०७३ बमोजिम कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको निस्सा,

(ग) अध्यादेशको दफा ६२ बमोजिम धरौटी जम्मा गरेको रसीद वा भौचर,

(घ) दलको उम्मेदवारको हकमा अध्यादेशको दफा १७ बमोजिमको औपचारिक पत्र,

(ङ) अध्यादेशको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको पदको लागि उम्मेदवारी दिने व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको दलित समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा,

(च) अध्यादेशको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको पदको लागि उम्मेदवारी दिने अपाङ्गता भएको व्यक्तिले नेपाल सरकारको आधिकारिक निकायले दिएको अपाङ्गताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र अल्पसङ्ख्यक समुदायको व्यक्तिले सम्बन्धित गाउँपालिका, नगरपालिका वा अधिकारप्राप्त निकायले दिएको अल्पसङ्ख्यक समुदायको व्यक्ति भएको प्रमाणित हुने निस्सा ।

**१७. उम्मेदवारको नामावलीको सूची प्रकाशन गर्ने** : निर्वाचनका लागि मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले नियम १५ बमोजिम मनोनयनपत्र दर्ता गराएका उम्मेदवारको नामावलीको सूची आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यसको एकप्रति आयोगमा पठाउनु पर्नेछ ।

**१८. मनोनयनपत्रको जाँच गर्ने** : (१) निर्वाचन अधिकृतले नियम १५ बमोजिम दर्ता भएका मनोनयनपत्रको जाँच गर्दा कुनै उम्मेदवारको विरोधमा अध्यादेशको दफा १९ बमोजिम दाबी विरोधको उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(२) मनोनयनपत्र जाँच गर्दा कुनै प्रदेशमा एकै व्यक्तिको अध्यादेशको दफा ३ बमोजिमको एकै समूहको लागि दुईवटा मनोनयनपत्र दर्ता भएकोमा दुईवटै मनोनयनपत्र रीतपूर्वकका रहेछन् भने निर्वाचन अधिकृतले सम्बन्धित उम्मेदवार वा निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकको इच्छा अनुसार कुनै एउटा मनोनयनपत्र कायम गर्नु पर्नेछ ।

तर त्यस्तो उम्मेदवार, निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित नभएको अवस्थामा निर्वाचन अधिकृतले कुनै एक मनोनयनपत्र कायम गर्न सक्नेछ ।

(३) मनोनयनपत्रको जाँच गर्दा मनोनयनपत्रमा रहेको सानोतिनो भूलचुकको कारणले मात्र मनोनयनपत्र बदर हुने छैन ।

स्पष्टीकरण : यस उपनियम र नियम ३१ को उपनियम (२) को प्रयोजनको लागि "सानोतिनो भूलचुक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरूसँग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

१९. **निर्विरोध निर्वाचित भएको घोषणा** : (१) कुनै प्रदेशमा अध्यादेशको दफा २४ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा अध्यादेशको दफा ३ बमोजिमको कुनै समूहबाट जतिजना निर्वाचित गर्नुपर्ने हो त्यति नै जना वा सोभन्दा कम उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले सो पदमा त्यस्तो उम्मेदवारलाई अध्यादेशको दफा २५ बमोजिम निर्विरोध निर्वाचित भएको घोषणा गरी सोको जानकारी आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निर्विरोध निर्वाचित भएको उम्मेदवारलाई निर्वाचन अधिकृतले मतदान गर्न तोकिएको समय समाप्त भएपछि निर्वाचित भएको प्रमाणपत्र दिनेछ ।

२०. **निर्वाचन चिन्ह** : (१) निर्वाचनका लागि दल र स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिन्ह आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) यस नियम बमोजिम दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा उपनियम (१) बमोजिम त्यस्तो दलको लागि निर्धारण गरिएको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दललाई प्रदान गरिएको निर्वाचन चिन्ह त्यस्तो दलका उम्मेदवार बाहेक अरु कसैले पनि प्रयोग गर्न पाउने छैन ।

(४) यस नियम बमोजिम स्वतन्त्र उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्दा उपनियम (१) बमोजिम स्वतन्त्र उम्मेदवारको लागि निर्धारण गरेको निर्वाचन चिन्हको समूहबाट उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा प्राथमिकता दिई उम्मेदवारले रोजेको निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ ।

## परिच्छेद-६

## उम्मेदवारको प्रतिनिधि

२१. **निर्वाचन प्रतिनिधि** : (१) कुनै उम्मेदवारले निर्वाचनमा आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न एकजना निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कुनै व्यक्ति निर्वाचन प्रतिनिधि हुन देहायको योग्यता भएको हुनु पर्नेछ :-

(क) नेपालको नागरिक,

(ख) एक्काईस वर्ष उमेर पूरा भएको,

(ग) मतदाता नामावली ऐन, २०७३ बमोजिम सम्बन्धित प्रदेशको कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) साधारण लेखपढ गर्न जानेको,

(ङ) अध्यादेशको दफा १२ बमोजिम उम्मेदवार हुन अयोग्य नभएको,

(च) अन्य प्रचलित कानूनले अयोग्य नभएको ।

(३) उपनियम (२) को खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन प्रतिनिधि हुन आवश्यक पर्ने उमेरको हकमा सो उपनियमको खण्ड (ख) मा लेखिए बमोजिम हुनेछ ।

(४) निर्वाचन प्रतिनिधिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्यमा उम्मेदवारको प्रतिनिधित्व गर्ने,

(ख) मतदान, मतगणना वा निर्वाचन सम्बन्धी अन्य कार्य गर्दा तयार गर्नुपर्ने विभिन्न मुचुल्कामा उम्मेदवारको प्रतिनिधिको रुपमा सहीछाप गर्ने,

(ग) निर्वाचन स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने ।

(५) उपनियम (१) बमोजिम उम्मेदवारले निर्वाचन प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले निर्वाचन प्रतिनिधिलाई आयोगले तोके बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

२२. **मतदान प्रतिनिधि** : (१) निर्वाचनमा मतदान सम्बन्धी कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रमा एकजना मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

तर कुनै दलको तर्फबाट उम्मेदवार भएका सबै जनाको तर्फबाट एउटा मतदान केन्द्रमा एकजना मात्र मतदान प्रतिनिधि रहन सक्नेछ ।

(२) सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने गरी नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(३) उपनियम (२) बमोजिम मतदान प्रतिनिधि नियुक्त गरेको जानकारी सम्बन्धित मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम नियुक्त मतदान प्रतिनिधिलाई मतदान अधिकृतले परिचयपत्र दिनु पर्नेछ ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्नु तथा मतदान सम्बन्धी तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतदान प्रतिनिधिको कर्तव्य हुनेछ ।

२३. **मतगणना प्रतिनिधि** : (१) मतगणना सम्बन्धी कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन अधिकृतले तोकिदिएको सङ्ख्यामा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(२) नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सकिनेछ ।

(३) मतगणना प्रतिनिधिको कार्यावधि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म कायम रहनेछ ।

(४) मतगणना प्रतिनिधिलाई मतगणना स्थलमा प्रवेश गर्नको लागि निर्वाचन अधिकृतले मतगणना प्रतिनिधि परिचयपत्र दिनु पर्नेछ ।

(५) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु तथा मतगणना गर्दा तयार गर्नुपर्ने मुचुल्कामा सहीछाप गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

## परिच्छेद-७

## मतदान केन्द्र, मतपत्र र मतपेटिका

२४. **मतदान केन्द्र तोक्ने** : (१) आयोगले अध्यादेशको दफा ३१ को उपदफा (१) बमोजिम मतदान केन्द्र तोक्दा निर्वाचन अधिकृतको कार्यालय रहेको जिल्लाको सदरमुकाममा सुरक्षा तथा सुविधाको दृष्टिकोणबाट उपयुक्त स्थानमा मतदान केन्द्र रहने गरी तोक्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतदान केन्द्र तोकिएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) मतदान केन्द्र तोक्दा अपनाउनु पर्ने अन्य आधारहरू आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **मतदान केन्द्रको क्षेत्र तोक्ने** : मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया तीनसय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नेछ र त्यसको सूचना सर्वसाधारणले देख्ने गरी मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

२६. **मतदान केन्द्रमा प्रवेश निषेध गर्न सकिने** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा भीड हुन, अनावश्यक रुपमा जमघट हुन वा कुनै गडबडी हुन नपाउने गरी मतदातालाई प्रवेश गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) अध्यादेशको दफा ३९ को उपदफा (१) को खण्ड (घ) बमोजिम कुनै व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा त्यस्तो व्यक्ति मतदानसँग सम्बद्ध व्यक्ति हो होइन भन्ने कुरा यकिन गरेर मात्र अनुमति दिनु पर्नेछ ।

२७. **मतपत्र** : (१) निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएका उम्मेदवारको नाम, निर्वाचन चिन्ह र मतसङ्केत गर्ने कोठा रहेको आयोगले निर्धारण गरे बमोजिमको मतपत्र रहनेछ ।

(२) यस नियम बमोजिम मतपत्र तयार गर्दा देहायको क्रम बमोजिम उम्मेदवारको नाम र निर्वाचन चिन्ह समावेश गर्नु पर्नेछ :-

(क) निर्वाचन हुनुभन्दा तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनमा भाग लिने दलले सो निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा त्यस्तो दलको उम्मेदवारको नाम र निर्वाचन चिन्ह,

(ख) खण्ड (क) बमोजिम प्रतिनिधि सभा सदस्यको निर्वाचनमा भाग नलिने दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रम बमोजिम सो दलको उम्मेदवारको नाम र निर्वाचन चिन्ह,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको नाम र निर्वाचन चिन्ह ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियमावली प्रारम्भ भए पछि पहिलो पटक हुने निर्वाचनको हकमा तत्काल अघि भएको प्रतिनिधि सभा सदस्यको निर्वाचनको समानुपातिक निर्वाचन प्रणालीतर्फको मत परिणाम घोषणा नभएको अवस्थामा देहायको क्रम बमोजिम उम्मेदवारको नाम र निर्वाचन चिन्ह समावेश गर्नु पर्नेछ :-

(क) संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदमा प्रतिनिधित्व गर्ने दलले संविधान सभा सदस्य निर्वाचन २०७० मा समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त गरेको मत सङ्ख्याको आधारमा त्यस्तो दलको उम्मेदवारको नाम र निर्वाचन चिन्ह,

(ख) खण्ड (क) बमोजिम व्यवस्थापिका-संसदमा प्रतिनिधित्व नगर्ने दल निर्वाचन प्रयोजनको लागि आयोगमा दर्ता भएको क्रम बमोजिम सो दलको उम्मेदवारको नाम र निर्वाचन चिन्ह,

(ग) स्वतन्त्र उम्मेदवारको नामको वर्णानुक्रमको आधारमा त्यस्तो उम्मेदवारको नाम र निर्वाचन चिन्ह ।

(४) उपनियम (२) को खण्ड (क) र (ख) तथा उपनियम (३) को खण्ड (क) र (ख) बमोजिमका दलको तर्फबाट एकभन्दा बढी उम्मेदवार रहेकोमा सो दलका उम्मेदवारको नाम वर्णानुक्रमको आधारमा समावेश गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिमको मतपत्र तयार गर्दा प्रदेश सभा सदस्यले मतदान गर्ने मतपत्रमा रहने विवरण र निर्वाचन चिन्ह तथा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुखले मतदान गर्ने मतपत्रमा रहने विवरण र निर्वाचन चिन्ह अलग-अलग रङ्गको मसीले छापिनेछ ।

(६) यस नियम बमोजिम मतपत्र तयार गर्दा अध्यादेशको दफा ३ बमोजिमका अलग-अलग समूहको लागि अलग-अलग मतपत्र छापिनेछ ।

(७) प्रत्येक मतपत्रको अधकट्टीमा आयोगले निर्धारण गरे बमोजिम सिलसिलेवार रुपमा क्रमसङ्ख्या छापिनेछ ।

(८) मतपत्रको ढाँचा, प्रकार, रङ र किसिम आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२८. **मतपत्र रुजु गर्ने** : (१) निर्वाचन अधिकृतले आयोगले उपलब्ध गराएका मतपत्रहरू रुजु गर्नु पर्नेछ । त्यसरी मतपत्र रुजु गर्दा आयोगले तोकेको ढाँचामा मतपत्रहरू छापिएको छ, छैन र प्रत्येक मतपत्रमा अध्यादेशको दफा ३ बमोजिमका सम्बन्धित समूहका सबै उम्मेदवारको नाम र निर्वाचन चिन्ह तथा मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या स्पष्ट रुपमा उल्लेख गरिएको छ, छैन यकिन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपत्र रुजु गर्दा कुनै मतपत्र आयोगले तोकेको ढाँचामा नभएको, मतपत्रमा कुनै उम्मेदवारको नाम छुट भएको, दोहोरिएको, मतपत्रको अधकट्टीमा क्रमसङ्ख्या उल्लेख नभएको वा अन्य कुनै किसिमको प्राविधिक त्रुटि भएको पाइएमा निर्वाचन

अधिकृतले त्यस्ता मतपत्र छुट्याई सोको मुचुल्का गराई राख्नु पर्नेछ । त्यसरी छुट्याइएका मतपत्रको विवरण सम्बन्धी जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

२९. **मतपेटिका** : (१) आयोगले प्रत्येक मतदान केन्द्रमा आवश्यक सङ्ख्यामा मतपेटिकाको व्यवस्था गर्नेछ ।

(२) मतदान अधिकृतले मतपेटिका बुझी लिँदा त्यस्तो मतपेटिका दुरुस्त छ, छैन हेरी बुझी लिनु पर्नेछ ।

(३) मतदान अधिकृतले मतदान कार्य शुरु हुनुअघि उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपेटिका खोलेर दुरुस्त तथा रित्तो भए, नभएको देखाई जाँच गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतदान अधिकृतले रित्तो मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बाँकी राखी मतपेटिकाको बिर्को बन्द गरी सुरक्षण सिल लगाई आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मतपेटिकाको बिर्को बन्द गरेपछि मतदान कार्य शुरु गर्दा मतदान अधिकृतले आफ्नो र मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गरी गराई मुचुल्का तयार गर्नु पर्नेछ र कुनै उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

३०. **मतपेटिका बिग्रिएमा वा नासिएमा** : (१) मतदान केन्द्रमा पठाइएको मतपेटिका बिग्रिएमा वा नासिएमा मतदान अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ । निजहरूले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ र सोको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका नासिएको वा बिग्रिएको जानकारी प्राप्त भएमा निर्वाचन अधिकृतले तत्काल त्यस्तो मतदान केन्द्रमा आवश्यक मतपेटिका उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-८

## मतदान

३१. **मतपत्र दिने** : (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले त्यस्तो मतदाता प्रदेश सभा सदस्य वा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्र हेरी निजको नाम मतदाता नामावलीमा छ, छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ, भिड्दैन यकिन गर्नु पर्नेछ । त्यसरी जाँच गर्दा मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजलाई मतदान गर्न मतपत्र दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचूक देखिए तापनि मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा त्यस्तो मतदातालाई मतदान गर्न मतपत्र दिनु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतदान गर्न मतपत्र दिनु अघि मतदान अधिकृतले त्यस्तो मतपत्रमा दस्तखत गर्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा निजले मतदान गरेको व्यहोरा जनिने सङ्केत गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मतदाता नामावलीमा सङ्केत जनाई सकेपछि मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराई मतदातालाई मतपत्र दिनु पर्नेछ ।

(६) यस नियम बमोजिम मतदातालाई मतपत्र दिनु अघि आयोगले तोके बमोजिम निजको औंलामा नमिटिने मसी लगाई दिनु पर्नेछ ।

३२. **मतदान गर्ने तरीका** : (१) मतदाताले मतपत्र लिएपछि मतसङ्केत गर्ने गोप्य स्थानमा गई अध्यादेशको दफा ३ बमोजिमको सम्बन्धित समूहबाट निर्वाचित गर्नु पर्ने सङ्ख्यामा नबढ्ने गरी पहिलो प्राथमिकता दिएको उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह सँगै रहेको मतसङ्केत गर्ने कोठामा "१", दोस्रो प्राथमिकता दिएको उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह सँगै रहेको मतसङ्केत गर्ने कोठामा "२" तथा तेस्रो प्राथमिकता दिएको उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह सँगै रहेको मतसङ्केत गर्ने कोठामा "३" अङ्क लेखी मतसङ्केत गर्नु पर्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ३ बमोजिमको कुनै समूहबाट एकजना सदस्य मात्र निर्वाचित गर्नुपर्ने अवस्थामा मतदाताले आफूले रोजेको कुनै एकजना उम्मेदवारको नाम तथा निर्वाचन चिन्हसँगै रहेको मतसङ्केत गर्ने कोठामा रेजा (√) चिन्ह लगाई मतसङ्केत गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम मतसङ्केत गरेपछि सो मतसङ्केत नदेखिने गरी मतपत्र पट्याई आयोगले तोकेको मतपेटिकाभित्र खसाल्नु पर्नेछ ।

(४) मतसङ्केत गर्ने गोप्य स्थानमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिइनेछ ।

(५) कुनै मतदाता मतसङ्केत गर्ने गोप्य स्थानमा मतपत्रमा मतसङ्केत गर्ने र मतपत्र पट्याउन लाग्ने समयभन्दा बढी समयसम्म बसेको छ भन्ने मतदान अधिकृतलाई लागेमा निजले सो गोप्य स्थानको निरीक्षण गर्न र त्यहाँ रहेको मतदातालाई बाहिर पठाउन सक्नेछ ।

(६) कुनै मतदाताले मतपत्र बुझी लिएपछि मतदान नगर्ने निश्चय गरेमा सो मतपत्र मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम कसैले मतदान नगरी मतपत्र फिर्ता गरेमा मतदान अधिकृतले सोको अभिलेख राखी त्यस्तो मतपत्र छुट्टै खामबन्दी गरी राख्नु पर्नेछ ।

३३. **विद्युतीय उपकरणको प्रयोग** : (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि कुनै वा सबै प्रदेशमा आयोगले विद्युतीय उपकरणको प्रयोग गर्ने व्यवस्था गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम आयोगले विद्युतीय उपकरण प्रयोग गर्ने व्यवस्था गरेको प्रदेशमा मतदाताले मतदान गर्दा विद्युतीय उपकरणको प्रयोग गर्नु पर्नेछ ।

(३) विद्युतीय उपकरण प्रयोग गर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

३४. **मतपेटिका बन्द गर्ने** : (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि मतपेटिकाको मतपत्र खसाल्ने प्वाल आयोगद्वारा निर्धारित तरिका बमोजिम बन्द गरी सुरक्षण सिल लगाई आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम तयार गरिएको मुचुल्कामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप नगरेमा सोही व्यहोरा जनाई मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

३५. **मतपत्रको फाँटवारी राख्ने** : मतदानको कार्य सम्पन्न भएपछि मतदान अधिकृतले प्रयोग भएका र प्रयोग नभएका मतपत्रको फाँटवारी तयार गरी राख्नु पर्नेछ ।

३६. **बाँकी मतपत्र र कागजात सिलबन्दी गर्ने** : मतदानको कार्य सम्पन्न भएपछि मतदान अधिकृतले देहायका मतपत्र र अन्य कागजात छुट्टाछुट्टै खाममा सिलबन्दी गरी खामको बाहिर सोको विवरण उल्लेख गर्नु पर्नेछ र सो खाममा आफूले सहीछाप गरी मतदान केन्द्रमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मुचुल्का तयार गर्नु पर्नेछ । सो खाममा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले सहीछाप गर्न नचाहेमा मतदान केन्द्रमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ :-

(क) प्रयोग नभएका मतपत्र,

(ख) रद्द गरिएका मतपत्र,

(ग) मतपेटिका बाहिर रहेका मतपत्र,

(घ) मत नदिने निश्चय गरी मतदाताले मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,

(ङ) निविदा मतपत्र,

(च) प्रयोग भएका मतपत्रका अधकट्टी,

(छ) आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार सिलबन्दी गरी राख्नु पर्ने अन्य कुनै कागजात ।

३७. **मतपेटिका र निर्वाचन सम्बन्धी कागजात बुझाउने** : (१) मतदान अधिकृतले मतदान कार्य सम्पन्न भएपछि नियम ३४ बमोजिम सुरक्षण सिल लगाईएका मतपेटिका, नियम ३६ बमोजिमका मतपत्र तथा निर्वाचन सम्बन्धी कागजात राखेका सिलबन्दी खाम र अन्य निर्वाचन सामग्री तथा कागजात जतिसक्दो चाँडो सुरक्षित रुपमा निर्वाचन अधिकृतसमक्ष बुझाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम मतपेटिका, निर्वाचन सम्बन्धी सामग्री तथा कागजात बुझेपछि निर्वाचन अधिकृतले मतदान अधिकृतलाई सोको भरपाई दिनु पर्नेछ ।

## परिच्छेद-९

## मतगणना र निर्वाचन परिणाम

३८. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने** : (१) निर्वाचन अधिकृतले अध्यादेशको दफा ४७ बमोजिम प्रकाशित सूचनामा तोकिएको स्थान, मिति र समयमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतगणना प्रारम्भ गर्नु पर्नेछ ।

तर उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएको कारणबाट मतगणना प्रारम्भ गर्न बाधा पुगेको मानिने छैन ।

(२) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेको मुचुल्का गराई राख्नु पर्नेछ ।

(३) यस नियम बमोजिम मतगणना प्रारम्भ भएको जानकारी निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

३९. **मतपेटिका जाँच गर्ने** : (१) नियम ३८ बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहवरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन,

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सङ्केत सङ्ख्या र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ, छैन,

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षण सिल दुरुस्त छ, छैन ।

(२) निर्वाचन अधिकृतले उपनियम (१) बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गराई राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम मतपेटिका जाँच गर्दा कुनै कैफियत देखिएमा सोही व्यहोरा खुलाई मुचुल्का तयार गराई आफूले सहीछाप गरी उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई राख्नु पर्नेछ । यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

४०. **मतगणना** : (१) नियम ३९ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि मतपेटिकामा लगाएको सुरक्षण सिल तोडी मतपेटिकामा रहेका सबै मतपत्रहरू गणना गर्ने स्थानमा खन्याउनु पर्नेछ ।

(२) मतगणना गर्दा बदर मतपत्र र सदर मतपत्रहरू छुट्याई अलग-अलग राख्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम छुट्याइएका मतपत्रमध्ये सबैभन्दा पहिले बदर मतपत्र र त्यसपछि सदर मतपत्र गणना गरी त्यस्ता मतपत्रको सङ्ख्या यकिन गरी सम्बन्धित मतदान केन्द्रमा खसेको मतपत्रको कुल सङ्ख्या उल्लेख गरी मुचुल्का बनाउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृत वा निजले खटाएको कर्मचारीले मतगणना गर्दा सदर वा बदर मतपत्र उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

तर सो मतपत्र निजलाई छुन वा समाउन दिनु हुँदैन ।

(५) सम्बन्धित प्रदेशको सबै मतदान केन्द्रको मतगणनाको कार्य सम्पन्न भईसकेपछि निर्वाचन अधिकृतले मतगणनाको तालिका तयार गर्नु पर्नेछ । यसरी तालिका तयार गरेपछि सोको मुचुल्का गराई राख्नु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्रमध्ये सदर र बदर मतपत्र छुट्टाछुट्टै खाम वा थैलोमा सिलबन्दी गरी राख्नु पर्नेछ । यसरी सिलबन्दी गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप गर्न चाहेमा निजहरूलाई समेत सहीछाप गर्न दिनु पर्नेछ ।

(७) मतगणनाको कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न भएको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना स्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(८) यस नियम बमोजिम तयार गरिएको मुचुल्का वा मतगणना तालिकामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सहीछाप नगरेमा सोही व्यहोरा जनाई मतगणना स्थलमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

४१. **अलग-अलग मतगणना गर्ने** : नियम ४० बमोजिम मतगणना गर्दा अध्यादेशको दफा ३ बमोजिमका अलग-अलग समूहको लागि छुट्टाछुट्टै मतपत्रको व्यवस्था गरिएकोमा त्यस्ता अलग-अलग समूहको छुट्टाछुट्टै मतगणना गर्नु पर्नेछ ।

४२. **एकल सङ्क्रमणीय मत प्रणाली बमोजिमको निर्वाचनको मत गणना** : (१) निर्वाचन अधिकृतले अध्यादेशको दफा ३ बमोजिमको एकभन्दा बढी सदस्य निर्वाचित गर्नु पर्ने कुनै समूहको लागि प्रयोग भएको मतपत्र गणना गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) नियम ४० को उपनियम (३) बमोजिम सदर मतगणना गरी जम्मा सदर मत यकिन भएपछि अध्यादेशको दफा ५५ बमोजिमको मतभार अनुसार प्रत्येक उम्मेदवारले प्राप्त गरेको पहिलो प्राथमिकताको मतको आधारमा कुल सदर मत मूल्य कायम गर्ने,

(ख) खण्ड (क) बमोजिम कुल सदर मत मूल्य कायम गरे पछि सोको आधारमा देहाय बमोजिमको सुत्र प्रयोग गरी कोटा निर्धारण गर्ने, यसरी कोटा निर्धारण गर्दा दशमलव पछाडिको अङ्कलाई वास्ता नगर्ने :-

$$\text{कोटा} = \left\lfloor \frac{\text{कुल सदर मत मूल्य}}{(\text{निर्वाचित गर्नु पर्ने सङ्ख्या} + १)} + १ \right\rfloor$$

(ग) खण्ड (क) बमोजिम मतगणना गर्दा कुनै पनि उम्मेदवारले प्राप्त गरेको पहिलो प्राथमिकताको मत कोटा वा सो भन्दा बढी भएमा त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्ने,

(घ) खण्ड (क) बमोजिम कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गर्न नसकेमा सबै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मत गणना प्रकृयाबाट बाहेक गरी निजले प्राप्त गरेको मत दोस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गर्ने र यसरी मत वितरण गर्दा कुनै उम्मेदवारले कोटा बमोजिम वा सो भन्दा बढी मत प्राप्त गरेमा निजलाई निर्वाचित भएको घोषणा गर्ने,

(ङ) खण्ड (घ) बमोजिम कुनै उम्मेदवारलाई बाहेक गरी निजले प्राप्त गरेको मत वितरण गर्दा समेत कुनै पनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गर्न नसकेमा कायम रहेका उम्मेदवार मध्ये सबै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गरी निजले प्राप्त गरेको मत निज भन्दा लगतै पछिको प्राथमिकताको उम्मेदवारलाई वितरण गर्ने र यसरी मत वितरण गर्दा कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरेमा त्यस्तो उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्ने र कुनै पनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरेमा कुनै उम्मेदवारले त्यस्तो मत प्राप्त नगरेसम्म यो प्रकृयालाई जारी राख्ने,

(च) खण्ड (क) बमोजिम पहिलो प्राथमिकताको मत गणना गर्दा वा खण्ड (घ) र (ङ) बमोजिम दोस्रो वा तेस्रो प्राथमिकताको मत वितरण गर्दा कुनै उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरेमा त्यस्तो उम्मेदवारले प्राप्त गरेको बढी मत लगतै पछिको प्राथमिकताको उम्मेदवारलाई वितरण गरी गणना गर्ने,

स्पष्टीकरण : यस नियमको प्रयोजनको लागि "बढी मत" भन्नाले निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको कोटा भन्दा बढी भएको मत सम्झनु पर्छ ।

(छ) खण्ड (च) बमोजिम कोटा भन्दा बढी मत प्राप्त गरी निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको त्यस्तो बढी मतलाई निजले प्राप्त गरेको कूल मतले भाग गर्ने र प्राप्त भागफललाई निर्वाचित भएको उम्मेदवारको हकमा कायम रहेको मत मूल्यले गुणन गरी प्रत्येक मतपत्रको सङ्क्रमण मत मूल्य निर्धारण गर्ने,

(ज) खण्ड (च) बमोजिम निर्वाचित भएको उम्मेदवारको बढी मत वितरण गर्दा त्यस्तो उम्मेदवारको हकमा कायम रहेको प्रत्येक मतपत्रमा निज भन्दा लगतै पछिको प्राथमिकता दिइएको उम्मेदवारको आधारमा छुट्याई खण्ड (छ) बमोजिमको सङ्क्रमण मूल्यको आधारमा वितरण गरी निर्वाचित हुन बाँकी उम्मेदवारले प्राप्त गरेको कूल मत मूल्य कायम गर्ने,

(झ) खण्ड (ज) बमोजिम कुल मत मूल्य कायम गर्दा कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरेमा त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्ने,

(ञ) खण्ड (झ) बमोजिम निर्वाचित भएको उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरेमा खण्ड (छ) बमोजिम त्यस्तो बढी मतको सङ्क्रमण मत मूल्य निर्धारण गर्ने र त्यस्तो मत निज भन्दा लगतै पछिको प्राथमिकताको

उम्मेदवारलाई वितरण गरी निर्वाचित हुन बाँकी उम्मेदवारले प्राप्त गरेको कूल मत मूल्य कायम गर्ने,

(ट) खण्ड (च) वा (ञ) बमोजिम बढी मत वितरण गर्दा कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गर्न नसकेमा खण्ड (घ) र (ङ) मा उल्लिखित प्रकृया बमोजिम सबै भन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गरी निजलाई प्राप्त भएको मत निजको हकमा कायम रहेको मूल्यमा निज भन्दा लगतै पछिको प्राथमिकताको उम्मेदवारले पाएको मतमा गणना गर्ने र कोटा बमोजिमको मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचित घोषणा गर्ने,

(ठ) खण्ड (ट) बमोजिम निर्वाचित हुँदा समेत आवश्यक सङ्ख्यामा उम्मेदवार निर्वाचित नभएमा आवश्यक सङ्ख्यामा उम्मेदवार निर्वाचित नभएसम्म खण्ड (ञ) र (ट) बमोजिमको प्रकृयालाई जारी राख्ने ।

(२) उपनियम (१) को खण्ड (घ), (ङ), (च), (ञ) र (ट) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचित हुने उम्मेदवारले पाएको बढी मत वा मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले पाएको मत दोस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्नेमा त्यस्तो उम्मेदवार निर्वाचित भई सकेको वा मतगणना प्रकृयाबाट बाहेक भई सकेको अवस्था भएमा त्यस्तो मत तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्नेछ ।

(३) उपनियम (१) को खण्ड (च), (ञ) र (ठ) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचित भएको उम्मेदवारलाई प्राप्त भएको बढी मत मूल्य एक (१.०) भन्दा कम भएमा त्यस्तो मत वितरण गर्नु पर्ने छैन ।

(४) उपनियम (१) को खण्ड (च), (ञ) र (ठ) मा जुनसुकै कुरा लेखिएको भए तापनि खण्ड (ग), (घ), (ङ), (झ) र (ट) बमोजिम आवश्यक सङ्ख्यामा उम्मेदवार निर्वाचित भएमा निजहरुले पाएको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्ने छैन ।

(५) उपनियम (१) बमोजिम सङ्क्रमण मत मूल्य निर्धारण गर्दा दशमलव पछिको पाँचवटासम्म अङ्कलाई कायम गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम मत गणना गर्दा एक भन्दा बढी उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरी निजहरुले पाएको बढी मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्ने भएमा त्यसरी निर्वाचित हुने उम्मेदवार मध्ये बढी मत प्राप्त गर्ने उम्मेदवारले पाएको मत पहिले वितरण गर्नु पर्नेछ ।

तर त्यसरी निर्वाचित उम्मेदवारले बराबर मत पाएको अवस्थामा गोला प्रथाको माध्यमबाट कुनै उम्मेदवारले पाएको मत पहिले वितरण गर्नु पर्नेछ ।

(७) उपनियम (१) बमोजिम आवश्यक सङ्ख्याका उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरेको अवस्थामा कम मत प्राप्त गर्ने उम्मेदवारलाई मत गणना प्रकृयाबाट बाहेक गर्दा एक भन्दा बढी उम्मेदवारले बराबर मत प्राप्त गरेमा गोला प्रथाको माध्यमबाट कुनै उम्मेदवारलाई पहिले बाहेक गर्नु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) को खण्ड (घ), (ङ) र (ट) बमोजिम कम मत पाउने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गर्दै जाँदा जति जना सदस्य निर्वाचित गर्नु पर्ने हो त्यति नै सङ्ख्याका उम्मेदवार मात्र बाँकी रहेमा त्यस्ता उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरे तापनि त्यस्ता उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(९) यस नियम बमोजिम एकल सङ्क्रमणीय मत प्रणाली बमोजिम हुने निर्वाचनको मतगणना गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले स्वीकृत गरेको मतगणना निर्देशिकामा व्यवस्था भए बमोजिम हुनेछ ।

४३. **मत सङ्क्रमण नहुने** : नियम ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको मतपत्रको मत सङ्क्रमण हुने छैन :-

(क) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता नजनाएको,

(ख) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता कुन उम्मेदवारलाई दिएको हो, सो छुट्टिन नसक्ने गरी प्राथमिकता जनाएको,

(ग) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता नजनाई तेस्रो प्राथमिकता जनाएको,

(घ) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो वा तेस्रो प्राथमिकता आयोगले निर्धारण गरे बमोजिम नजनाएको,

(ङ) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकता नजनाएको,

(च) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकताको उम्मेदवार निर्वाचित भई सकेको वा मतगणना प्रकृयाबाट बाहेक भई सकेको,

(छ) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकता कुन उम्मेदवारलाई दिएको हो, सो छुट्टिन नसक्ने गरी प्राथमिकता जनाएको ।

४४. **एकजनामात्र निर्वाचित हुने समूहको मत गणना** : निर्वाचन अधिकृतले अध्यादेशको दफा ३ बमोजिमको एकजना निर्वाचित गर्नुपर्ने कुनै समूहको लागि भएको निर्वाचनको मतगणना गर्दा प्रदेश सभा सदस्यले दिएको मत र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाका प्रमुख, उपप्रमुखले दिएको मत अलग-अलग गणना गरी अध्यादेशको दफा ५५ बमोजिमको मतभारले गुणन गरी दुवै प्रकारका मतपत्रबाट पाएको मत जोडी उम्मेदवारले पाएको कुल मत यकिन गर्नु पर्नेछ र सबैभन्दा बढी मत पाउने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

४५. **प्रतिवेदन दिनु पर्ने** : निर्वाचन अधिकृतले निर्वाचनको परिणाम प्रकाशन गरी सकेपछि देहाय बमोजिमको विवरण समावेश भएको प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्नु पर्नेछ :-

(क) मतदाताको सङ्ख्या,

(ख) उम्मेदवारको विवरण,

(ग) खसेको कुल मत,

(घ) सदर र बदर मत,

(ङ) एकजना मात्र सदस्य निर्वाचित हुनेमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत,

(च) एकजना भन्दा बढी सदस्य निर्वाचित हुनेमा सबै मतदाताले मत दिएको प्राथमिकताक्रम जनिने मत विवरण,

(छ) एकजना भन्दा बढी सदस्य निर्वाचित हुनेमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको पहिलो प्राथमिकताको मत र मतगणना सम्पन्न हुँदा कायम भएको प्रत्येक उम्मेदवारको मत,

(ज) निर्वाचित उम्मेदवारको विवरण,

(झ) निर्वाचनमा खटिएका कर्मचारीको विवरण,

(ञ) निर्वाचनमा भएको खर्चको विवरण,

(ट) आयोगले तोकेको अन्य विवरण ।

## परिच्छेद-१०

## विविध

४६. **निविदा मतपत्र दिने कार्यविधि** : (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिई सकेको वा मतदान गरी सकेको तर आफू नै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष आफू प्रदेश सभा सदस्य वा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्र संलग्न राखी आफू नै वास्तविक मतदाता भएको दाबी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दाबी गरिएको अवस्थामा मतदान अधिकृतले दाबीकर्ताको दाबी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा यकिन गर्नु पर्नेछ । दाबीकर्ताले आफू प्रदेश सभा सदस्य वा गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुखमा निर्वाचित भएको प्रमाणपत्र प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्रस्तुत प्रमाणबाट दाबीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले निविदा मतपत्रको लगत तयार गरी सो लगतमा दाबीकर्ताको सहीछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बायाँतिरको खाली ठाउँमा “निविदा मतपत्र” लेखी सो मतपत्र दाबीकर्ता मतदातालाई मतसङ्केत गर्न दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम दिइएको मतपत्रमा दाबीकर्ता मतदाताले नियम ३२ को उपनियम (१) र (२) बमोजिम मतसङ्केत गरी सो मतपत्र मतदान अधिकृतलाई दिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम दाबीकर्ता मतदाताले दिएको मतपत्र मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राख्नु पर्नेछ र त्यस्तो खाम मतदान अधिकृतले आफ्नो जिम्मामा राख्नु पर्नेछ ।

(७) मतदान अधिकृतले दाबीकर्ताको विवरण, दाबीकर्ताको प्रमाणको विवरण र निर्णय समेतको छुट्टै अभिलेख राख्नु पर्नेछ ।

**४७. अयोग्यता सम्बन्धी उजूरी** : अध्यादेश तथा यस नियमावली बमोजिम निर्वाचित कुनै व्यक्ति सो पदको लागि अयोग्य रहेको भनी त्यस्तो पदमा उम्मेदवारी दिएको कुनै व्यक्तिले निर्वाचन परिणाम घोषणा भएको पैंतीस दिनभित्र आफैले वा वारिस मार्फत अदालतमा उजूरी दिन सक्नेछ ।

**४८. धरौटी जफत हुने** : (१) महिला तथा अन्य समूहबाट निर्वाचित हुने सदस्य पदको लागि उम्मेदवार भएको व्यक्तिले निर्वाचनमा खसेको कुल सदर मत मूल्य मध्ये पहिलो प्राथमिकताको मत मूल्य दश प्रतिशतभन्दा कम पाएमा त्यस्तो उम्मेदवारले राखेको धरौटी अध्यादेशको दफा ६३ बमोजिम जफत हुनेछ ।

(२) दलित तथा अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुने सदस्य पदको लागि उम्मेदवार भएको व्यक्तिले निर्वाचनमा खसेको कुल सदर मत मूल्यको दश प्रतिशतभन्दा कम सदर मत मूल्य पाएमा त्यस्तो उम्मेदवारले राखेको धरौटी अध्यादेशको दफा ६३ बमोजिम जफत हुनेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचित उम्मेदवारको हकमा धरौटी जफत हुने छैन ।

(४) उपनियम (१) र (२) बमोजिम जफत भएको धरौटी रकम निर्वाचन कार्यालयले सङ्घीय सञ्चित कोषमा दाखिला गरी सोको बैंक भौचर श्रेस्तासाथ राख्नु पर्नेछ ।

**४९. निर्वाचन खर्चको विवरण** : निर्वाचनको अवधिमा उम्मेदवार वा दलले आयोगले निर्धारण गरे बमोजिमको विभिन्न शीर्षकमा गरेको खर्चको विवरण नेपाल सरकारले स्वीकृत गरेको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

**५०. मुचुल्काको ढाँचा** : यस नियमावली बमोजिम तयार गर्नुपर्ने मुचुल्काको ढाँचा आयोगद्वारा स्वीकृत निर्देशिकामा निर्धारण गरिए बमोजिम हुनेछ ।